# स्थानीय राजपत्र


## सुस्ता गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ६) भाग: २ सुस्ता, कार्तिक महिना १ गते, २०८० साल (संख्या: ४**


## भाग-२

## सुस्ता गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुस्ता गाउँ कार्यपालिकाकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# २०८० सालको कार्यविधि नं. ४

# आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः२०८०/०६/२२

**प्रस्तावना**

लोक कल्याणकारी राज्यको अवधारणा अनुसार आर्थिक रुपले विपन्न निरपेक्ष गरिबीको रेखामुनी रहेका दिर्घ रोगी, हिंसा पीडित तथा बेचविखनमा परेका महिला, बालबालिका, विपन्न अति अशक्त अपाङ्ग र पूर्ण अशक्त अपाङ्ग,बेवास्तामा परेका जेष्ठ नागरिकका लागि आर्थिक सहायता दिन आर्थिक सहायता सम्बन्धी कानून बनाउन बाञ्छनीय भएकाले गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८०।०६।२२ मा बसेको बैठकले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

१) यस कार्यविधिको नाम “सुस्ता गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८०" रहेको छ।

२) यो मापदण्ड तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा -

१) “गाउँपालिका" भन्नाले सुस्ता गाउँपालिकालाई सम्झनु पर्दछ।

२) “गाउँ कार्यपालिका" भन्नाले सुस्ता गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

३) “आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले निरपेक्ष गरिबीको रेखामुनी रहेका भनि प्रमाणित भएका मुटु, मृगौला, फोक्सो, कलेजो जस्ता शरिरका महत्वपूर्ण अङ्गहरुको रोगी एंव क्यान्सर पीडित व्यक्तिहरु, घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरु, विपन्न गर्भवती तथा सुत्केरी महिलाहरु,जोखिमपूर्ण श्रममा संलग्न भएको, हराएका वा बेवारिसे अवस्थामा फेला परेको, ऋणका कारणले बन्धकमा परेका वा जबरजस्ती श्रमबाट पीडित भएको, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित,दुर्घटनामा परेको प्राकृतिक प्रकोपमा परेको, बाबु वा आमा कारागारमा वा हिसासतमा रहेका वा कुनै कसुरसँग सम्बन्धित रहेका कारणले बेवारिसे रहेका, यौन शोषण, यौन दुर्वयवहार, बेचविखन वा ओसारपसारमा परेको, हिंसा पीडित, बाबु-आमा वा संरक्षकबाट वञ्चित, अपाङ्गता भएका, सुस्तमनस्थिति भएको, अपहरण वा शरिर बन्धकमा परेका सडक बालबालिका, एच.आई.भी एड्सबाट संक्रमित बालबालिका, बेसहारा वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिलाई बुझ्नु पर्दछ।

४) "न्यायिक समिति" भन्नाले सुस्ता गाउँपालिकाको न्यायिक समिति सम्झनु पर्दछ।

५) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुस्ता गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

६) "अध्यक्ष" भन्नाले सुस्ता गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

**३. दिर्घ रोगी तथा क्यान्सर पीडितलाई सहायताः-**

(१) आर्थिक सहायता पाउन योग्य दिर्घ रोगी (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्क) तथा क्यान्सर पीडित व्यक्तिले आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन्। स्पष्टिकरण "आवश्यक कागजात भन्नाले आर्थिक रुपले विपन्न भनि अधिकार प्राप्त सरकारी निकायबाट प्रमाणित कागजात, अस्पतालको रिपोर्ट" लगायतका कागजात सम्झनु पर्दछ।

(२) उपखण्ड (१) बमोजिम प्राप्त निवेदन माथि गाउँकार्यपालिकाले आवश्यक छलफल गरी आर्थिक सहायता दिन निर्णय गरेमा बिरामीको अवस्था हेरी

रु. पाँच हजार देखि रु. चालिस हजार सम्म आर्थिक सहायता दिई निःशुल्क उपचारका लागि समेत सिफारिस गर्न सकिनेछ।

(३) पच्चीस हजार सम्मका आर्थिक सहायता अध्यक्षको निर्णयमा प्रमुख प्रशासकीय अधिकृत र सो भन्दा माथिको गाउँ कार्यपालिकाको निर्णय बमोजिम दिईनेछ।

**४. हिंसा पीडित तथा बेचविखनमा परेका महिलालाई सहायताः-**

(१) घरेलु हिंसा, यौन हिंसाबाट आक्रान्त र पीडित एवं बेचविखनमा परेका महिलाहरुको तत्काल उद्धार गरी जिवनयापनका लागि सहयोग पुर्‍याउन रु.१०,०००।- (दश हजार) सम्म अध्यक्षको निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

(२) पीडितलाई न्याय दिलाउन एंव, पुनर्स्थापनाका लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ।

**५. आर्थिक रुपले विपन्न र विभिन्न समस्यामा परेका बालबालिकालाई सहायताः-**

१. आर्थिक कारणले जोखिमपूर्ण श्रममा संलग्न भएका, हराएका वा बेवारिसे अवस्थामा फेला परेका, ऋण कारणले बन्धकमा परेका वा जवरजस्ती श्रमबाट पीडित भएका, शारिरीक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित, दुर्घटनामा परेका, प्राकृतिक प्रकोपमा परेका, बाबु वा आमा कारागार

वा हिरासतमा रहेका वा कुनै कसुरसँग सम्बन्धित रहेका कारणले बेवारिसे रहेका, यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसारपसारमा परेका, हिंसा पीडित, बाबु, आमा वा संरक्षणबाट वञ्चित, अपाङ्गता भएका, सुस्तमनस्थिति भएका, अपहरण वा शरिर बन्धकमा परेका सडक बालबालिका, एच.आई.भी. एड्सबाट संक्रमित बालबालिका भएमा तत्काल उद्धार गरी पालनपोषणको लागि अध्यक्षको निर्णय अनुसार रु १०,०००।— (दश हजार) सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

२. उपखण्ड (१) मा उल्लेखित बालबालिकाको शिक्षा तथा पालनपोषणका लागि बाल उद्धार गृहको आर्थिक सहायता सम्बन्धी कार्यविधि २०७४ अनुसार संस्थागत विद्यालयसँग समन्वय गरी छात्रवृत्ति मार्फत शिक्षा तथा पालनपोषणको व्यवस्था गर्न सकिनेछ।

**६. आर्थिक रुपले विपन्न गर्भवती महिला तथा सुत्केरी आमाहरुलाई सहायताः-**

१. आर्थिक रुपले विपन्न तीन महिना सम्म पनि खान नपुग्ने अवस्थामा रहेका अलपत्र परेका महिला र बच्चाको संरक्षण नगरेमा ज्यानै जोखिममा पर्ने अवस्थामा रहेका सुत्केरी आमाको संरक्षणको लागि अध्यक्षको निर्णयमा रु १०,०००।— सम्म आर्थिक सहायता उपलब्ध

गराउन सकिनेछ।

२. उपखण्ड (१) बमोजिम सहायता पाउने गर्भवती महिला वा सुत्केरी आमाले आफैं वा पति वा परिवारका कुनै सदस्य मार्फत तोकिएका कागजात सहित गाउँपालिकामा निवेदन दिन सक्नेछन।

**७. बेवास्तामा परेका ७० बर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई सहायताः-** ७० बर्ष उमेर पुगेका, परिवारका सदस्यले बेवास्ता गरेका विपन्न रोगी एंव अशक्त, आफ्नो दैनिक जीवनयापन गर्न नसक्ने अवस्था रहेका, आम्दानीको कुनै स्रोत नभएका ज्येष्ठ नागरिकले आर्थिक सहयोगका लागि गाउँपालिकामा निवेदन पेश गरेमा र निवेदन मानसिव देखिएमा रु. ५०००।— (पाचँ हजार) सम्म आर्थिक सहायता दिई पुर्नस्थापनाका लागि आवश्यक पहल गर्न सकिनेछ।

१. आर्थिक सहायता प्राप्त गर्न आर्थिक रुपले विपन्न भनि प्रमाणित कागजात, महिला तथा बालबालिका कार्यालयबाट प्राप्त अति अशक्त र पूर्ण अशक्त अपाङ्ग परिचयपत्र सहित गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्न सकिनेछ।

## परिच्छेद-३
## विभिध

**८. निवेदनका ढाँचाः-** खण्ड ३, ४, ५, ६ ७  अनुसार सहायता पाउन अनुसूची-१ को ढाँचामा निवेदन दिन पर्नेछ।

९. **अधिकार प्रत्यायोजन गर्न सकिनेः-** यस कार्यविधि अनुसार सहायता सम्बन्धी निर्णयको अधिकार गाउँ कार्यपालिकाको अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतलाई दिन सक्नेछ।

१०. **खर्चको स्रोत-**

१. यस कार्यविधि अनुसार आर्थिक सहायता दिन एंव प्राकृतिक र गैर-प्राकृतिक प्रकोप पीडितलाई राहत, उद्धार तथा पुर्नस्थापना गर्न र अन्य आकस्मिक कार्यमा विपद व्यवस्थापन कोषबाट खर्च गरिनेछ।

२. विपद व्यवस्थापन कोषमा देहायका रकम जम्मा गरिनेछः-

(१) संघीय सरकार, प्रदेश सरकारबाट आकस्मिक कोषको लागि प्राप्त अनुदान,

(२) सरकारी तथा गैरसरकारी संघसंस्थाबाट आकस्मिक कार्य (आर्थिक सहायता, प्रकोप पीडित राहत) का लागि प्राप्त सहयोग र अनुदान।

(३) आर्थिक सहायता, प्राकृतिक प्रकोप पीडितको उद्धार तथा पुर्नस्थापनाका लागि प्राप्त जुनसुकै रकम।

(४) स्थानीय सरकारले जुनसुकै स्रोतबाट प्राप्त रकम कोषमा छुट्याउन सक्नेछ ।

३. कोषको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

४. आकस्मिक कोष सम्बन्धी अन्य गाउँ कार्यपालिकाले तोक बमोजिम हुनेछ।

अनुसूची-१
(खण्ड ८ सँग सम्बन्धित)

मितिः.........................

श्रीमान् गाउँपालिका अध्यक्ष/ प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुस्ता गाउँपालिका, कुडिया, नवलपरासी।

**विषयः आर्थिक सहायता उपलब्ध गराईदिनु हुन।**

महोदय,

प्रस्तुत विषयमा म/हामी ...................................................... ......रोगले ग्रसित भई ................ गर्नुपर्ने व्यहोरा अवगत गराउँदछु/छौ । उपचारका लागि म र मेरो परिवारको आर्थिक अवस्था नाजुक भएकोले सो का लागि तहाँ कार्यालयको नियमानुसार आर्थिक सहायता उपलब्ध गराई निःशुल्क उपचारका लागि सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन तपसिलका कागजातहरु यसै साथ संलग्न राखी पेश गर्दछु।गर्दछौ।

तपसिल

१. विपन्नताको सिफारिस तथा प्रमाणित प्रतिलिपि
२. नागरिकता/ जन्मदर्ता/ विवाहदर्ता/ ..............को प्रतिलिपि
३. अस्पतालको रिपोर्ट
४. ............................

निवेदक

| क्र.स. | नाम, थर | ठेगाना | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आज्ञाले,

प्रमाणिकरण मितिः २०८०।०६।२५

हुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत